# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, माघ ६ गते २०५४ साल ( संख्या ४०

## भाग ३

### श्री ५ को सरकार
### वाणिज्य मन्त्रालयको सूचना

#### नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको इन्टरमोडल यातायात विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "टर्मिनल" भन्नाले नेपालको वैदेशिक व्यापारको सिलसिलामा कन्टेनर तथा ननकन्टेनरबाट निकासी तथा पैठारी गरिने व्यापारिक माल वा वस्तुको अस्थायी रूपमा सञ्चय तथा भण्डार गर्ने लगायतका अन्य सेवा उपलब्ध गराउन श्री ५ को सरकारले स्थापना गरेको इनल्याण्ड फ्रेट टर्मिनल वा इनल्याण्ड कन्टेनर डेपोटको निश्चित स्थल सम्झनु पर्छ र सो शब्दले त्यस स्थल रहेको र सो संग सम्बन्धित क्षेत्रमा रहेका सबै भवन, टहरा, घर, गोदाम, प्लेटफर्म कम्पाउण्ड, ढुवानीको साधन तथा सो कामका लागि प्रयोग हुने सबै प्रकारका मेशिनरी, औजार तथा उपकरण समेतलाई जनाउँछ ।

(च) "सेवा" भन्नाले नेपालको वैदेशिक व्यापारको सिलसिलामा कन्टेनर तथा ननकन्टेनरबाट निकासी तथा पैठारी गरिने व्यापारिक माल वा वस्तुको अस्थायी सञ्चय तथा भण्डार गर्ने लगायत टर्मिनल व्यवस्थापन कम्पनीले उपलब्ध गराउने अन्य प्रकारका सेवा सम्झनुपर्छ ।

(छ) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम संस्थापन भएको टर्मिनल व्यवस्थापन कम्पनी सम्झनुपर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. समितिको गठन: (१) नेपालको वैदेशिक व्यापारको प्रवर्द्धनको लागि नेपाल इन्टरमोडल यातायात विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् –

| | |
|---|---|
| (क) सचिव, वाणिज्य मन्त्रालय | – अध्यक्ष |
| (ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | – सदस्य |
| (ग) प्रतिनिधि (सह-सचिवस्तर), निर्माण तथा यातायात मन्त्रालय | – सदस्य |
| (घ) महानिर्देशक, भन्सार विभाग | – सदस्य |
| (ङ) सभापति, नेपाल उद्योग वाणिज्य महासंघ | – सदस्य |





१५. समितिको कार्यालय: समितिको कार्यालय समितिले तोकेको स्थानमा रहनेछ ।

१६. नियम बनाउने अधिकार: यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

(६) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(७) समितिको कोषको सञ्चालन समितिले तोकेबमोजिम हुनेछ ।

८. समितिको लेखा र लेखापरीक्षण: (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको अरू सबै नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

९. कर्मचारीसम्बन्धी व्यवस्था: (१) समितिको कार्य सञ्चालनका लागि समितिले आवश्यक कर्मचारीहरू नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक सेवाका शर्त, सुविधा र काम, कर्तव्य, तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. उप-समिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक उप-समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकि दिएबमोजिम हुनेछ ।

११. अधिकार प्रत्यायोजन: समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार कुनै सदस्य, कार्यकारी निर्देशक, उप-समिति वा समितिको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. बैठक भत्ता तथा अन्य सुविधा: समिति तथा उपसमितिका सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता तथा अन्य सुविधाहरू पाउनेछन् ।

१३. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा वाणिज्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. निर्देशन दिन सक्ने: समितिलाई हानी नोक्सानी हुने गरी वा यस आदेशमा उल्लिखित व्यवस्था विपरित समितिले कुनै काम गरेमा त्यस्तो काम तत्काल रोक्न वा नगर्न श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।





(च) अध्यक्ष नेपाल चेम्बर अफ कमर्स — सदस्य

(छ) अध्यक्ष, फ्रेईट फरवार्डस एशोसिएसन अफ नेपाल — सदस्य

(३) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा श्री ५ को सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) कार्यकारी निर्देशकले समितिको सचिव भई काम गर्नेछ । सचिवको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार: (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ –

(क) नेपाल अधिराज्यबाट बाहिर निकासी गरिने तथा नेपाल अधिराज्यभित्र पैठारी गरिने व्यापारिक माल वा वस्तुको निकासी तथा पैठारीको व्यवस्थापन सरल, सुगम तथा प्रतिस्पर्धात्मक रूपमा संचालन गर्न गराउन टर्मिनलको विकास गर्ने ।

(ख) अन्तर्राष्ट्रियस्तरमा बोलपत्र आव्हान गरी आर्थिक तथा प्राविधिक दृष्टिकोणले सक्षम ठहरिएका कम्पनीबाट सरल, सुगम, किफायती एवं छरपर्दो सेवा संचालन गर्न, गराउन टर्मिनलको व्यवस्थापन तथा संचालन गराउने सम्बन्धमा सम्झौता गरी त्यस्तो कम्पनीलाई टर्मिनल व्यवस्थापन तथा सञ्चालन गर्नको लागि स्वीकृति दिने ।

(ग) खण्ड (ख) बमोजिम कम्पनीसंग भएको सम्झौता अनुसार टर्मिनलको व्यवस्थापन तथा सञ्चालन भए नभएको सम्बन्धमा सुपरीवेक्षण तथा अनुगमन गरी त्यसलाई प्रभावकारी बनाउने ।

(घ) आयात तथा निर्यातकर्ताहरूले माल वा वस्तुको निकासी तथा पैठारी गर्दाको क्रममा कम्पनीले उपभोक्ताहरूलाई उपलब्ध गराएको सेवा बापत लिने शुल्कको दर निर्धारण गर्ने आधारहरू तोक्ने ।

(ङ) निकासी तथा पैठारीकर्ताहरूले नेपाल अधिराज्यभित्र माल वा वस्तुको पैठारी गर्दा तथा नेपाल अधिराज्यबाहिर माल वा वस्तु निकासी गर्दा त्यस्ता माल वा वस्तुको ढुवानीको

लागि रेल वे सेवा आवश्यक पर्ने भएमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई भारतीय रेल वे सेवासंग सम्झौता गर्ने ।

(च) कम्पनी र टर्मिनलको व्यवस्थापन तथा सञ्चालनसंग सम्बन्धित अन्य पक्षहरूबीच समन्वय कायम गर्ने, गराउने ।

(छ) समितिको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(ज) टर्मिनलको विकास, व्यवस्थापन तथा सञ्चालनसंग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम गरिने सम्झौतामा अन्य कुराहरूको अतिरिक्त टर्मिनलको व्यवस्थापन र सञ्चालनसम्बन्धी कार्य विवरण, टर्मिनल सञ्चालन अवधि तथा सञ्चालन गर्दा अपनाइने प्रक्रिया, उपभोक्तालाई पुऱ्याइने सेवाको विवरण, उपभोक्ताहरूबाट लिइने सेवा शुल्कको अधिकतम दर तथा कम्पनीले समितिलाई आवधिक रूपमा बुझाउनु पर्ने रकमसमेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिम आधार तोक्दा अन्य कुराहरूको अतिरिक्त टर्मिनलको व्यवस्थापन र सञ्चालनसम्बन्धी कार्य विवरण, टर्मिनल व्यवस्थापन, सञ्चालन तथा मर्मत संभार लगायतका अन्य उपयुक्त खर्चहरूलाईसमेत आधार लिनु पर्नेछ ।

५. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तिमा पन्ध्र दिनअगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(२) समितिको सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।





(६) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशक: (१) समितिको प्रकासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि समितिले कार्यकारी निर्देशक नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ र निजको पुनर्नियुक्त हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

७. समितिको कोष: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट अनुदान र लगानी स्वरुप प्राप्त रकम ।

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण रकम ।

(ग) दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिम कम्पनीसंग भएको सम्झौताबमोजिम कम्पनीले बुझाएको रकम ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) उपदफा (२) को खण्ड (क) बमोजिम श्री ५ को सरकारबाट लगानीको रूपमा प्राप्त रकम र त्यसको ब्याज समितिले त्यस्तो लगानीको सम्झौता श्री ५ को सरकारसँग भएका सम्झौता बमोजिम श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।